का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २९८
❑ ७ पुस २०७८, बुधबार
❑ 22 December 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह


Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

# दलहरुको डर, तर को सँग ?

आगामी वर्ष तीनै तहको निर्वाचन हुँदैछ । २०७४ को निर्वाचन भएको चार वर्ष पार भइसकेको छ । यो अवस्थामा नेताहरुले भने एकाएक दक्षिणपन्थी शक्तिलाई चुनौती दिइरहेका छन्, तर त्यो शक्ति राप्रपा हो वा अरु कुनै ?



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

नेकपा एमालेबाट अलग भएर बनेको नेकपा एकीकृत समाजवादी निकट पत्रकार संगठनले सोमबार अन्तरक्रिया गरेको थियो । उक्त अन्तरक्रियामा एमाले बाहेक दलका नेताहरु सहभागी थिए । नेपाली काँग्रेसबाट ज्ञानेन्द्रबहादुर कार्की सहभागी थिए भने अन्य दलका भने प्रमुखहरु नै उपस्थित थिए ।

तर नेताहरुको अभिव्यक्तिमा भने लगभग समानता थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मुलुकमा अझै पनि प्रतिगमनको खतरा नटरेको बताए । उनको भनाइ थियो, "मुलुकमा अझै पनि प्रतिगमनको खतरा टरेको छैन । त्यस विरुद्ध लड्नु अग्रगामी शक्तिहरु एकताबद्ध हुनुपर्छ ।" प्रचण्डले सत्तारुढ गठबन्धन एकजुट हुँदा नै प्रतिगामी शक्ति झुक्ने बताए ।

जनता समाजवादी पार्टीका राष्ट्रिय परिषद् अध्यक्ष बाबुराम भट्टराईले पनि प्रतिमनको खतरा हटिनसकेको बताए । भट्टराईले गठबन्धन मिलेरै नै दक्षिणपन्थी शक्ति हराउन नसकिने बताएका थिए । उनको भनाइ थियो, "दक्षिणपन्थी शक्तिहरुको डर अझै पनि हटिसकेको छैन । आउने चुनावसम्म कम्तिमा अहिलेको गठबन्धन आवश्यक छ ।"

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको अभिव्यक्ति पनि व्यवस्थासँगै जोडिएको थियो । अहिलेको संविधान, व्यवस्था र संसद जोगाउन गठबन्धन बनेको बताए । "प्रतिगमनको खतरा उस्तै छ । हामी एकजुट हुँदा मात्रै अग्रगमणको बाटो फराकिलो हुन्छ", अध्यक्ष नेपालको भनाइ थियो । सरकारका प्रवक्ता एमव् नेपाली काँग्रेसका नेता ज्ञानेन्द्रबहादुर कार्कीले पनि व्यवस्था जोगाउने चिन्ता हटिनसकेको बताएका थिए । त्यसका निम्ति अहिलेको गठबन्धन कायमै राख्नुपर्ने बताएका थिए ।

यी नेताहरुको अभिव्यक्तिबाट गएको वर्ष ५ पुसमा संसद् विघटन गर्ने एमालेलाई पराजित गर्नुपर्ने आशय नै बुझिन्छ । तर एमाले स्वयमले पनि व्यवस्थाकै चिन्ता गरिरहेको छ । नेपाली काँग्रेसको २४ मंसिरमा १४औं महाधिवेशन उद्घाटन भइरहँदा अध्यक्ष केपी शर्मा ओलीले अन्य दलका नेताहरुसँग स्वरमा स्वर मिलाएका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टीका नवनिर्वाचित अध्यक्ष राजेन्द्र लिङदेन विरुद्ध नेताहरुको सामूहिक प्रतिवाद गरेका थिए । लिङदेनले नेताहरुप्रति जनताको विश्वास गुमेको बताउँदै भनेका थिए, "मेरो नाम लिउ कि कसैको ? भै गयो कसैको नाम लिन्न । आजभोलि नेताहरु गाउँ जाँदा कुन चोर आएछ भन्छन् ।" यो अभिव्यक्ति खण्डनमा नेताहरुले समय खर्चिएका थिए ।

माधव नेपाल र प्रचण्डले मुलुकमा प्रतिगमनको बादल देखिएको बताएका थिए । प्रचण्डको भनाइ थियो, "चोर भन्छन् भन्नुभयो । तर यो सत्य होइन ।" ओलीले पनि लिङदेनको अभिव्यक्तिको प्रतिवाद गरेका थिए । अर्थात् चुनावी वर्ष शुरु भइरहँदा दक्षिणपन्थी शक्ति सल्बलाएको बताउन थालेका छन् । तर त्यो शक्ति राप्रपा हो वा अरु कुनै ? त्यो भने प्रष्ट छैन ।

## अनन्त अवरोध



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

नेकपा एकीकृत समाजवादीका १४ सांसदलाई संसद्बाट हटाउन माग गर्दै संघीय संसद् अवरोध गरिरहेको नेकपा एमालेले मंगलबार पनि बैठक चल्न दिएन । गएको मंसिर २८ गतेबाट विधेयक अधिवेशन शुरु भएको छ । पहिलो दिन संसद् अवरोध गरेको एमालेले मंगलबार पनि बैठक चल्न दिएन ।

बैठक सुरु हुनासाथ एमाले सांसदहरुले नाराबाजी सहित रोष्ट्रम घेराउ गरेका थिए । एमाले सांसदको नाराबाजी चलिरहँदा सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभा नियमावलीमा अदालतमा विचाराधीन विषयमा छलफल हुन नसक्ने व्यवस्था रहेको बताएका थिए । सभामुख सापकोटाले पटक-पटक ध्यानाकर्षण गराए पनि एमाले नाराबाजी कायमै रह्यो ।

> एकीकृत समाजवादीका १४ सांसदलाई संसदमा नराख्न वा सभामुख अग्निप्रसाद सापकोटाले राजीनामा दिनुपर्ने माग सहित नेकपा एमालेले गरिरहेको संघीय संसद अवरोध मंगलबार पनि कायमै रह्यो ।

एमालेले आग्रह नमानेपछि सभामुखले संसद् कार्यसूची अगाडि बढाएका थिए । गएको भदौ २ गते एमाले विभाजनमा सभामुख सापकोटाले सहयोग गरेको एमालेको भनाइ छ । पार्टीले निस्काशन गरेको १४ सांसदलाई सभामुखले पदमुक्त नगरेको एमाले नेताहरुले बताउँदै आएका छन् । तर सभामुख सापकोटाले भने यो विषय अदालतमा विचाराधीन रहेको बताउँदै आएका छन् । सरकारले केन्द्रीय कार्य समिति वा संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गर्न सकिने अध्यादेश ल्याएको थियो ।

– बाँकी पृष्ठ २ मा

## माओवादीमा पनि मतदान !



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रको बागमती प्रदेश नेतृत्व मतदानबाट टुंगिएको छ। पहिलो पटक माओवादी केन्द्रले लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन गरेको हो । त्यसअघि माओवादीको नेतृत्व चयनका निम्ति मतदानको अभ्यास भएको थिएन । विराट सम्मेलनबाट प्रमुख नेतृत्वमा केन्द्रीय सदस्यहरुले मतदान गरेका थिए ।

तर त्यसअघि र पछि पनि मातहतको कमिटी र जनसंगठनमा अपवाद बाहेक मतदानको प्रयोग गरको थिएन । एकपटक अनेरास्ववियु (क्रान्तिकारी) को नेतृत्व चयन मतदानबाट भएको थियो । तर यसपटक सेल, टोल, वडा, पालिका अधिवेशन गरिसकेको माओवादीले सर्वसहमतिको बाटो अपनाएको थियो ।

तर सर्वसहमति पनि सजिलो नदेखिएपछि बागमती प्रदेश नेतृत्व मतदानबाट टुंगिएको छ । बागमती प्रदेश नेतृत्वका निम्ति सोमबार राति मतदान भएको छ । मतदानबाट अध्यक्षामा सरल सहयात्री पौडेल निर्वाचित भए । उनले १६२ मत ल्याए ।

पौडेलको प्रतिस्पर्धी दीनानाथ गौतमले ८६ मत ल्याए । प्रदेश समितिको उपाध्यक्षमा रुपा महर्जन, रामप्रसाद ढुङ्गाना र प्रेमबहादुर पुलामी, सचिवमा इन्द्रबहादुर थिङ,

– बाँकी पृष्ठ २ मा

# संघ चुनावमा फरक-फरक रणनीति

## गठबन्धनले गैरेलाई उठाउने, भान्तना र पाण्डे पनि तयारीमा, एसोसिएसनले छिट्टै निर्णय गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि राजनीतिक दल निकट रोजगार व्यवसायीहरूले नेतृत्वका लागि आ-आफ्नो योजनामा चुनावी तयारी शुरू गरेका छन् । यही पुस २३ गते हुने साधारणसभा पछिको निर्वाचनका प्रतिश्पर्धाका लागि हालसम्म प्रमुख तीन पक्ष देखिएका छन्।

संघमा आफुलाई बलियो ठान्दै आएका सत्तारूढ नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रमुख प्रतिपक्ष नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले गठबन्धन बिना नै चुनावी मैदानमा उत्रने बताएका छन् भने सत्तारूढ नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च र संघीय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ गठबन्धनका आधारमा प्यानल बनाएर प्रतिस्पर्धामा उत्रने तयारी गरिरहेको बताएका छन् ।

सो गठबन्धनको तर्फबाट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका ज्ञानप्रसाद गैरेको नेतृत्वमा प्यानलसहित चुनावमा जाने तयारी गरेको संगठनका सल्लाहकार कमल सापकोटाले मध्यान्हलाई जानकारी दिए ।

गैरे संघका पूर्व प्रथम उपाध्यक्ष हुन् । गैरेको नेतृत्वमा शसक्त टीम उतार्ने तयारी भइरहेको भन्दै सल्लाहकार सापकोटाले विभिन्न पक्षसँग छलफल गर्न आफ्नो नेतृत्वमा वार्ता टोली समेत बनाएको जानकारी दिए ।

मञ्चका अध्यक्ष राम प्रसाद भान्तनाले भने गठबन्धनले अझैसम्म ठोस् आकार लिन नसकेको भन्दै कोसँग गठबन्धन गरेर जाँदा संगठनलाई फाइदा पुग्छ त्यसको विश्लेषण भइरहेको बताए। उनले जोसँग गठबन्धन गरेपनि आफू यसपटक संघको अध्यक्षमा उम्मेदवार बन्ने तयारीमा रहेको बताए।

यता सत्तारूढ नेपाली कांग्रेस निकट एसोसिएसनका तर्फबाट संघका कार्यवाहक अध्यक्ष कमल तामाङ, द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ, पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरूङ लगायतले अध्यक्षमा उठ्ने बताइए पनि मंगलबारसम्म कुनै निर्णय भएको छैन । सोमबारसाँझ बसेको एसोसिएसनका पूर्वअध्यक्षसहितको बैठकले नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई बधाई तथा महाधिवेशन प्रतिनिधिहरूलाई धन्यवाद दिने प्रस्ताव पास गरेपनि संघको उम्मेद्वारबारे केही निर्णय नगरेको बताइएको छ ।

नेपाली कांग्रेसको महाधिवेशनले नेतृत्व चयन गरेपनि उनीहरूको शपथ नभएका कारण पार्टीले निर्वाचन प्रतिनिधि खटाउन सकेको छैन । पार्टीका तर्फबाट निर्वाचन प्रतिनिधि तोकिएपछि एसोसिएसनमा उम्मेद्वार छनोटलगायतका कामले तिव्रता पाउने एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले बताए ।

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## विदेश जाने कामदारलाई खोप र कार्ड सहजरुपमा दिन माग

**काठमाडौं/मस–** सत्तारूढ नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले वैदेशिक रोजगारीमा जाने कामदारलाई सहजरूपमा कोरोना भाइरसविरुद्धको खोप र क्युआर कोडसहितको कार्ड उपलब्ध गराइदिन माग गरेको छ ।

मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडालाई ज्ञापनपत्र बुझाउँदै संगठनले सहजरूपमा खोप र क्युआर कोडसहितको कार्ड नहुँदा वैदेशिक रोजगारीमा जाने कामदारलाई सास्ती भएको भन्दै तत्काल त्यसको व्यवस्था गर्न माग गरेको हो ।

स्वास्थ्य सेवा विभागमा चलखेलका आधारमा खोप कार्ड बाँड्ने तर वैदेशिक रोजगारीमा जाने कामदारलाई सहजरूपमा खोप र क्युआर कोडसहितको कार्ड नदिने अवस्थाले समस्या उत्पन्न गरेको संगठनका महासचिव मधुकर रिजालले बताए ।

व्यवसायीका समस्या सुनेपछि मन्त्री खतिवडाले आफुले मातहत विभागमा बुझ्ने र पुनः एक पटक व्यवसायीहरूसँग छलफल गरेर वैदेशिक रोजगारीमा जाने कामदारलाई सहजरूपमा खोप र क्युआर कोडसहितको कार्ड

– बाँकी पृष्ठ २ मा

VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

Salary + Commission

P.R.O - 3 Male/Female
Admin Officer - 3 Male/Female
Documentation - 3 Male/Female
Receptionist - 1 Female

Mechi International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal, Tel: +977- 1- 4487000
Mob.: 9801060000, Email: mechioverseas1313@gmail.com
Web: www.mechioverseas.com.np

**विवेकशील साझा विवाद**

# मिश्रद्वारा संयोजक पाण्डेलाई निष्कासन

**काठमाडौं/मस-** विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्र पक्षले संयोजक मिलन पाण्डेलाई निष्कासन गरेको छ । पार्टीको केन्द्रीय कार्य सम्पादन समितिको मंगलबार बसेको बैठकले संयोजक पाण्डेलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको मिश्रले विज्ञप्ति जारी गर्दै जानकारी गराएका छन् ।

मिश्रले पाण्डेलाई पठाएको जानकारी पत्रमा उनलाई पार्टीको सदस्य समेत नरहने गरी निष्कासन गरिएको भनिएको छ । केही दिनअघि मिश्रले पाण्डेलाई स्पष्टीकरण सोधेका थिए । त्यसको जवाफ पाण्डेले दिएका थिए ।





मिश्रले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पार्टीले दिएको समय सीमाभन्दा एक दिन ढिलो गरी सञ्चारमाध्यम समेतबाट सार्वजनिक तपाईंको स्पष्टीकरणमा तपाईंसँग सोधिएका प्रश्नको यथार्थ, तथ्यपरक र चित्तबुझ्दो जवाफ नआएको केन्द्रीय कार्य सम्पादन समितिको ठहर छ ।'

पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको पुस ६ गते बसेको बैठकले विवेकशील साझा पार्टीको विधान २०७८ को भाग ७ (३१.१) को अधिकार प्रयोग गर्दै पाण्डेलाई आजकै मितिदेखि लागू हुने गरी पार्टीको सदस्यसमेत नरहने गरी निष्कासन गर्ने निर्णय गरेको पत्रमा उल्लेख छ ।

यता निष्कासनमा परेका संयोजक पाण्डेले अवैधानिक कारबाहीका प्रोपोगान्डाले विचलित नहुने बताएका छन् । कारबाहीको खबर सार्वजनिक भएपछि उनले विज्ञप्ति जारी गरेर विवेकशील साझा पार्टी आफूहरुको पार्टी भएकाले त्यसलाई निरन्तरता दिने बताएका छन् ।

### अनन्त...

उक्त दल सम्बन्धी ऐनको अध्यादेश आएपछि एमालेबाट ५५ केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा सदस्य, आठ जना राष्ट्रियसभा सदस्य, ५३ प्रदेशसभा सदस्य र १४ सय स्थानीय जनप्रतिनिधिले एमाले छोडेका थिए ।

यी सवै जनप्रतिनिधिको पद जोगिएको छ । अध्यादेश नै त्यसरी ल्याइएको थियो । तर त्यो अध्यादेश खारेज भइसकेको छ । अध्यादेश रहिरहँदा फेरि दल विभाजन हुन सक्ने भएपछि अध्यादेश खारेज गरिएको थियो । एमालेले आफ्नो पार्टी फुटाउन सरकार, सभामुख, सर्वोच्च अदालत र निर्वाचन आयोगले समेत सहयोग गरेको आरोप लगाउँदै आएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले सम्वादका निम्ति गरेको आग्रह समेत एमालेले अस्वीकार गर्दै आएको छ ।

### माओवादीमा...

सहसचिवमा दलबहादुर बुर्लाकोटी, माधवप्रसाद लामिछाने र प्रकाश श्रेष्ठ तथा कोषाध्यक्षमा सङ्गीता भट्टराई निर्वाचित भइन् ।

प्रदेश समितिमा नौ सदस्यीय पदाधिकारी रहने पार्टीको विधानमा व्यवस्था रहेको छ । प्रदेश समितिका सदस्यमध्येबाट पदाधिकारी छनोट हुने व्यवस्था विधानमा छ । यसअघि माओवादीको दुई भौगोलिक र दुई गैरभौगोलिक प्रदेशको नेतृत्व चयन भइसकेको छ । गण्डकी प्रदेशको अध्यक्षमा गायत्री गुरुङ र कर्णाली प्रदेशको अध्यक्षमा विमला केसी तथा उपत्यका विशेष प्रदेशको अध्यक्षमा जगत सिंखडा र सम्पर्क समन्वय प्रदेशको अध्यक्षमा श्रीकृष्ण अधिकारी चयन हुनुभएको माओवादी पार्टी कार्यालयका मुख्यसचिव श्रीराम ढकालले बताए ।

प्रदेशको नेतृत्वका आकांक्षी बढी हुँदा नेतृत्व चयनमा ढिलाइ हुँदै आएको थियो । माओवादीले गत मङ्सिर २५ गते एकसाथ सात भौगोलिक र दुई गैरभौगोलिक प्रदेशको सम्मेलन सम्पन्न गरेको थियो ।

पाँच प्रदेशमा नेतृत्व चयन बाँकी प्रदेश सम्मेलन सम्पन्न भएको १० दिन बितिसक्दा पनि माओवादीले अझै पाँच प्रदेशको नेतृत्व टुङ्गो लगाउन सकेको छैन । प्रदेश नं १, प्रदेश नं २, लुम्बिनी, सुदूरपश्चिम र प्रवास समिति नेतृत्वविहीन बनेका छन् । सकेसम्म सहमति नभए निर्वाचनको माध्यमबाट जतिसक्दो छिटो प्रदेश पदाधिकारीको टुङ्गो लगाउन पार्टी हेटक्वार्टरले निर्देशन दिएको मुख्यसचिव ढकालले जानकारी दिनुभयो ।

### संघ....

प्रमुख प्रतिपक्षी नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको तर्फबाट मञ्चका पूर्व अध्यक्ष सरोज पोखरेल, रोहन गुरुङ, नरेश गेलालले यसपटक संघको अध्यक्षमा उम्मेदवार बन्न रूची नदेखाएको बताइएको छ । तीन पूर्वअध्यक्षहरूले इच्छा नदेखाएपछि मञ्चका पूर्व अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री र हालका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी तथा वरिष्ठ उपाध्यक्ष मुक्तिनाथ अधिकारी चर्चामा रहेका छन् ।

संघका पूर्व प्रथम उपाध्यक्षसमेत रहेका पाण्डेले मञ्चका तर्फबाट आफ्नो नेतृत्वमा बलियो प्यानलसहित चुनावी मैदानमा उत्रने तयारी भइसकेको बताए । पोखरेल, गेलाल र गुरूङले अनिच्छा देखाएपछि मञ्चका तर्फबाट पाण्डे, भण्डारी र अधिकारीमध्येबाट मात्र उम्मेदवार बन्ने अवस्थामा छन् ।

कार्यवाहक अध्यक्ष भण्डारीले भने मञ्च यसपटक संघमा समझदारीको नेतृत्वको खोजीमा पनि लागेको बताए । उनले भने, 'प्यानल बनाएर चुनावमा जाँदा पराजित पक्ष पुरै दुई वर्ष राजनीतिक प्रतिपक्ष जस्तो गरी विपक्षमा बस्दा संघको निर्वाचित नेतृत्वलाई परिणाम देखाउने गरी काम गर्न समस्या देखियो । त्यसका लागि राजनितिमा सक्रियता नदेखाएको व्यवसायीलाई संघको अध्यक्षमा ल्याउनु पर्छ भन्ने पक्षमा हामी छौं, त्यसका लागि नेपाली कांग्रेस निकट एसोसिएसनलगायत व्यवसायीका सबै संस्थासंग एक चरणमा छलफल गरिनेछ ।'

उता संघको निर्वाचन समितिले पूर्णता पाएसँगै निर्वाचन कार्यक्रम शुरू गरेको छ । संघले निर्वाचनका लागि व्यवसायी रविन शेरचनको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ । समितिको सदस्यमा सुवर्ण श्रेष्ठ र सदस्य सचिवमा संघका कानूनी सल्लाहकार शम्भु निरौला रहेका छन् । सदस्य सचिव निरौलाले पुस १७ गते मतदाता नामावली सार्वजनिक गरिने निर्णय गरिएको भन्दै व्यवसायीहरूले त्यसभन्दा अघि नै प्रतिनिधि तोकेर पठाउनुपर्ने बताए ।

तोकिएको मिति भन्दा पछि आउने प्रतिनिधिले चुनावमा मतदान गर्ने लगायतका काम गर्न नपाउने भन्दै सकेसम्म छिटो प्रतिनिधि पठाउनुपर्ने सदस्य सचिव निरौलाले बताए । संघका कार्यालय सचिव अरूण अर्यालले सोमबारसम्म पाँच दर्जनभन्दा बढी संस्थाले प्रतिनिधि पठाएको जानकारी दिए ।

### विदेश...

उपलब्ध गराउने प्रतिवद्धता जनाए । महासचिव रिजालको नेतृत्वमा गएको संगठनको प्रतिनिधिमण्डलमा कार्यसमिति सदस्यहरूसहित सल्लाहकार वाईबी राई तथा कमल सापकोटालगायतका व्यवसायीहरू सहभागी थिए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०९/२० मा दर्ता भएको **प्रा.लि. नं. ५०५८४** को **केभटाउन रियल स्टेड एण्ड हाउजिङ्ग कम्पनी प्रा.लि.** को मिति २०७८/०९/०६ मा सम्पन्न एकल शेयरधनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com

## हूलाकी राजमार्ग निर्देशनालय

**टेकु, काठमाडौं**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७८।०९।०७)**

यस कार्यालयको मिति २०७८।०८।२६को अन्नपूर्ण पोष्ट पत्रिकामा प्रकाशित सुचना नं. ०२।०७७।७८ अनुसार प्राविधिक मुल्यांकनमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मध्ये न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु तपसिल बमोजिम रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता र ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पि.एस. समेत) |
|---|---|---|---|
| HRP/337011284/077-78/BC-003 | Construction of Remaining Part of Danda and Tinau Bridge along Bhairahawa-Lumbini Road Section, Rupandehi | RAMAN-REAROM INFRATECH JV, Bagdol, Lalitpur | 10,30,96,637.56 |
| HRP/337011284/077-78/UR-005 | Upgrading of Remaining part of Manmat-Kalaiya-Matiarawa Road,Bara. (Kalaiya bazar,Sheetalpur and Matirarwa section) | SAPTAKOSHI JALADHAR-OM SAI & COMPANY JV, New-Baneshwor, Kathmandu. | 22,31,86,318.94 |

**आयोजना निर्देशक**

## घोडाघोडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/०७**

यस घोडाघोडी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले निम्नानुसारको कार्यका लागी निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोमा स्वीकृतीका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को (२) बमोजिम तथा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ५४(क) समेतको प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागी ७ (सात) दिनको यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | फर्मको नाम | ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|
| NCB/GMUN-WORK/03/078/079 | Rayamajhi-K.D.N-Nirajan J/V, | Tikapur, Kailali | रु.२,०९,९३,५८६।८७ |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगारको अवसर | कम्पनी : FAST WAY ARABIA CO. LTD शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१२ चलानी नं.: ६०१५२२४७ L.T. No.: 233658 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1500 | ४८,३६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १४ गते (29 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SKILLZONE CONSULTANCY NEPAL PVT. LTD.**
Govt. Lic. No. 1229/074/075
P.O.Box: 15142, KPC 447, Samakhusi-26, Kathmandu, Nepal
Tel.: 01- 4380622, 4382511, 4358633, Fax.: 4363748
Email.: info@skillzoneconsultancy.com, skillzonenepal1229@gmail.com, Web.: www.skillzone.com.np

## कतारमा रोजगार | कम्पनी: HASSAN AL HAMMADI CONTRACTING AND TRADING CO शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६३९४६ LT. No.: 245554 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६२,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Engineer | 1 | 0 | | 4200 | १३८,७२६ | | | | | | | |
| 3. | Labourer | 24 | 0 | | 1000 | ३३,०३० | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ७२,६६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १४ गते (29 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## साउदी र UAE मा रोजगार | १. कम्पनी :BIN QURAYA HOLDING CO शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०२/२८ चलानी नं.: ६०१५८६१४ LT. No.: 240733 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 20 | 0 | स. काममा दक्ष | 1800 | ५८,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : ROYAL CATERING SERVICES L L C शहरः ABU DHABI**

पूर्व स्वीकृत मितिः २०७८/०८/०५ चलानी नं.: ६०१६८२६६ LT. No.: 251272 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter Female | 0 | 6 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 41 | 0 | | 1200 | ३९,५८८ | | | | | | | |
| 3. | Cleaner | 148 | 14 | | 1000 | ३२,९९० | | | | | | | |
| 4. | Kitchen Helper | 23 | 0 | | 1000 | ३२,९९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १४ गते (29 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
पो. ब. नं.: १९१२२, फोन नं.: ०१-५९०२३४४, ५९०२३४५ । सुकेधारा-०४, काठमाडौं, नेपाल
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## साउदीमा रोजगार | १. कम्पनी: DIAMOND GOLDEN VETERINARY CORPORATION शहरः SAJAR

पूर्व स्वीकृत मितिः २०७८/०९/०६ चलानी नं.: ६०१७०९८९ L.T. No.: 253827

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 1 | 0 | स. काममा दक्ष | 1400 | ४५,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी: Amal Ali Bin Mohammad Mubarki Foundation For Automotive Service शहरः Al Jazan**

पूर्व स्वीकृत मितिः २०७८/०९/०६ चलानी नं.: ६०१७०९९० L.T. No.: 253828

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी: Ali Abdul Wahab Bin Ahmed Al-khaleefa Auto Service Workshop शहरः SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०९/०६ चलानी नं.: ६०१७०९८७ L.T. No.: 253826

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Vehicle Body Plumber | 1 | 0 | | 1500 | ४८,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १४ गते (29 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**FISHTAIL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1286/074/075
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com

## Saudi मा रोजगार

**1. Abdulelah Bin Isa Bin Hamad Al-owaidan General Contracting Est**

LT No.: 248267

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Worker | 75 | [illegible] | 1000 | ३२,३१३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ |

**2. Sas Al-Balad Company For Operation And Maintenance Branch**

LT No.: 247222

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 35 | 00 | [illegible] | 1000 | ३२,३१३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ |

**3. Qimat Alsuqur Co. Contracting**

LT No.: 244685

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 10 | 00 | [illegible] | 1000 | ३२,३१३।- | क.नि. अनुसार | ८ घण्टा | | क.नि. अनुसार | छ | छ | २ |

**अन्तरवार्ता २०७८ पौष १४ गते (29 Dec. 2021) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।**

**जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.**
सिनामंगल काठमाण्डौ, फोन नं.: ४९८४३३९

# सरकार र बाँदरझुलावासीबीच तीन बुँदे सहमति



**काठमाडौं/मस**–सरकारले चितवन माडी नगरपालिकास्थित बाँदरझुलाका सुकुमबासी परिवारको समस्या समाधान गर्ने भएको छ।

उनीहरूले आफूहरूले अमोदकमोद गरेको जमिनको लालपुर्जा पाउनुपर्ने, ट्याक्टरले जमिन जोत्न पाउनुपर्ने र गाउँमा विद्युतको व्यवस्था गर्नुपर्ने माग गर्दै आन्दोलनका लागि आइतबार काठमाडौं आएका थिए। उनीहरुले काठमाडौं माइतीघरमा आन्दोलन गर्दै आएका थिए।

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को पहलमा मंगलबार बाँदरझुलावासीले उठाउँदै आएका माग सम्बोधन गर्ने सहमति भएको हो।

अध्यक्ष प्रचण्डले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठ, माडी नगरपालिकाका प्रमुख ठाकुरप्रसाद ढकाल, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष तथा संविधानसभा सदस्य चित्रबहादुर श्रेष्ठ र भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्कालगायतसँग छलफल गरी समस्या समाधानका लागि पहल गरेका थिए।

सुकुम्वासीका प्रतिनिधि र सरकारी अधिकारीसहितको छलफलमा भएको सहमतिका आधारमा भूमि आयोगले समस्या समाधानका लागि तीन बुँदे सहमति गरेको उपाध्यक्ष खड्काले जानकारी दिए।

अध्यक्ष प्रचण्डले सुकुम्वासी समस्या समाधानका लागि पार्टीले विशेष पहल गरिरहेको र केही समयभित्रै बाँदरझुलावासीले जग्गा र जग्गाधनी पूर्जा पाउने विश्वास दिलाएका थिए।

आयोगले देशभरका भूमिहीन तथा अव्यवस्थित बसोवासीलाई लगत संकलन गरी जग्गाधनी पूर्जा वितरण गर्ने प्रयोजनार्थ आवश्यक कार्यविधि, कार्ययोजना र पूर्वतयारी गरिरहेको छ।

माडी-९ बाँदरझुलावासीले शान्तिपूर्ण गरेको संघर्षको सम्मान गर्दै आयोगले आयोग गठन आदेश, २०७८ को क्षेत्राधिकारभित्र रहँदै समस्या समाधानका लागि पहल गरेको उपाध्यक्ष खड्काको भनाइ छ।

आयोग र संघर्ष समितिबीच तीन बुँदे सहमति भएको छ। सहमतिअनुसार आयोगले आगामी फागुन मसान्तसम्म भूमिहीन, दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा नाप जाँचको सूचना निस्केपछि लगत संकलनको निवेदन दिएकै दिनमा निवेदन दिएको निस्सा र जग्गा नाप जाँचको निस्सा वितरण गरिनेछ।

बाँदरझुलामा विद्युतीकरणका लागि बजेटसमेत छुट्याइसकेको अवस्थामा निर्माण कार्यलाई छिटोभन्दा छिटो अगाडि बढाउन नेपाल विद्युत् प्राधिकरण र सो कार्यको सहजीकरणका लागि सम्बन्धित निकायमा सहयोगका लागि सरकार, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई तत्काल पत्राचार गरिनेछ।

सहमतिको तेस्रो बुँदामा बाँदरझुलामा खेतीपातीका लागि ट्र्याक्टर प्रयोग गर्न नदिइएकामा तत्काल सो जमिनमा ट्र्याक्टर प्रयोग गर्न दिइने भएको छ।

किसानले सहज, सरल र सुपथ तरिकाले कृषिका लागि सहज वातावरण बनाउन सरकार, वन तथा वातावरण मन्त्रालय र अन्य सरोकारवाला निकायलाई पत्राचार गरेका थिए। सहमतिपत्रमा आयोगका उपाध्यक्ष खड्का र संघर्ष समितिका तर्फबाट संयोजक शारदा आचार्यले हस्ताक्षर गरेकी छन्।

# संरक्षित क्षेत्र घोषणा र विस्तार खारेजीको माग

**कास्की/मस**– सामुदायिक वन उपभोक्ता महासंघले संघीय वन ऐन एवं नियमावलीका साथै संरक्षित क्षेत्र घोषणा तथा विस्तार कार्य समुदायको विरुद्धमा रहेको भन्दै खारेज गर्न माग गरेको छ।

महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले मंगलबार गण्डकी प्रदेशका वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापालाई कार्यकक्षमा ज्ञापनपत्र बुझाउँदै संघीय वन नियमावलीको मस्यौदाको नियम २३(३) मा सामुदायिक वनको ५० प्रतिशत काठ जिल्ला वन पैदावार आपूर्ति समितिमा उपलब्ध गराउनुपर्ने व्यवस्था तत्काल खारेज गर्न माग गरेका छन्।

गण्डकी प्रदेशको वन ऐन समुदायको अधिकार सुनिश्चित हुने गरी सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सहमतिमा तत्काल निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ। प्रदेशमा असफल प्रमाणित भएको चाक्ला वन र साझेदारी वनको अवधारणालाई निर्माण गरिने प्रदेश वन ऐन मस्यौदामा खारेज गरिनुपर्ने, सामुदायिक वन र सरकारको संयुक्त लगानीमा आधारित गौरवको आयोजना वन उद्यम सञ्चालन गरी हरित रोजगारीका अवसर सिर्जना गरिनुपर्नेमा जोड दिइएको छ। अन्नपूर्ण संरक्षित आयोजनालाई गण्डकी प्रदेश सरकारको मातहतमा ल्याई समुदायमा आधारित व्यवस्थापन प्रणाली लागू गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तत्काल खारेज गरी सामुदायिक सहभागितामा नयाँ ऐन बनाएर लागू गर्न पेश गरिएको ज्ञापनपत्रमा भनिएको छ। सरकारले वैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई खारेज गरेकामा धन्यवाद दिँदै सामुदायिक वन उपभोक्ता समूहको परम्परागत ज्ञान र सीपको प्रयोग गर्दै वनको सघनरूपमा व्यवस्थापन गर्ने खालको अधिकारमुखी दिगो वन व्यवस्थापन पद्धतिमा दिगो वन व्यवस्थापन मापदण्ड छिटोभन्दा छिटो कार्यान्वयन गर्नुपर्नेमा महासंघले माग गरेको छ।

सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजनाको अवधि सकिएपश्चात नियमित परिमार्जन गर्ने कार्यका लागि प्रदेश सरकारमातहत रहेका वन कार्यालयबाट तत्काल प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनका लागि प्रदेश मन्त्रालयबाट सम्बन्धित कार्यालयलाई परिपत्र गरी सामुदायिक वनमा सहज वातावरण सिर्जना गर्नुपर्नेमा ज्ञापनपत्रमा जोड दिइएको छ।


## श्री गजेन्द्र स्मृति हस्पिटलको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**(पहिलो पटक प्रकाशन मितिः २०७८।०९।०७)**

प्रदेश नं २, रौतहट जिल्ला, माधव नारायण नगरपालिका वडा नं-०३ मा गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठानद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री गजेन्द्र स्मृति हस्पिटल, प्रदेश नं २, रौतहट जिल्ला, माधव नारायण नगरपालिका वडा नं-०३। |
| **प्रस्तावको ब्यहोरा** | १०० शैया क्षमताको जनरल सेवा संचालन गर्न प्रस्ताव गरिएको यस अस्पताल करिब ७ बिगाहा ६ कठ्ठा क्षेत्रफलमा अस्पतालले प्रत्येक भवनहरु RCC frame प्रणलीमा निर्माण गरी हस्पिटलमा आकस्मिक, वहिरंग, महिला तथा प्रसुती, हाडजोर्नी, नशा, शल्यकिया, बालरोग, फिजियोथेरापी, प्रयोगशाला, डायग्नोसिस सेवाहरु जस्तै एक्स रे, अल्ट्रासाउण्ड आदि विभिन्न सेवाहरु उपलब्ध हुनेछन्। यस अस्पताल क्षेत्रमा पर्याप्त पार्किङ्ग सुविधा, हरियाली बगैंचा लगायत प्रशस्त खुल्ला क्षेत्र समेत उपलब्ध छन्। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | रौतहट जिल्ला, माधव नारायण नगरपालिका वडा नं-०३। |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो हस्पिटल रहने नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठान, काठमाण्डौ महानगरपालिका वडा नं-०२, रानीबारी,<br>सम्पर्क नं: ९८५१०५०३५७ |
| **परामर्श दाताको नाम र ठेगाना** | सिर कन्सलटेन्सी प्रा. लि., मध्यपुर ठिमी नगरपालिका वडा नं-३, कौशलटार, भक्तपुर Email:seerconsultancy@gmail.com |


# रेडक्रसका कर्मचारी आन्दोलित



**काठमाडौं/मस**– नेपाल रेडक्रस सोसाइटी तदर्थ समितिले विधान एवं नियमावलीविपरीत काम गरेको भन्दै कर्मचारीहरु एक सातादेखि आन्दोलनमा उत्रिएका छन्।

तदर्थ समितिको २०७७ साल पुस ९ गतेको बैठकले कार्यकारी निर्देशकको पदावधि तीन वर्ष र निर्देशकको पदावधि पाँच वर्ष तोक्ने निर्णय गरेको थियो। यो निर्णय सोसाइटीको विद्यमान ऐन, नियम र नियमावली विपरीत जनाउँदै कर्मचारीले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएका थिए। प्रशासनले विधान एवं नियमावली विपरीतका काम नगर्नु भनी सोसाइटीलाई पत्राचार गरेको छ। तदर्थ समितिले प्रशासन कार्यालयका पत्राचार विपरीत कार्यकारी निर्देशक र एक जना निर्देशकलाई सेवाबाट अवकाश दिन थालेपछि कर्मचारी आन्दोलित भएका हुन्। कार्यकारी निर्देशक उमेश ढकाल र निर्देशक डा मनिता राजभण्डारीलाई तदर्थ समितिले अकस्मात् अवकाशको पत्र दिएको बताइएको छ।

विसं २०७२ को विनाशकारी भूकम्पपछि खोज, उद्धार तथा पुनस्थापन तथा यसपछि पुन निर्माणमा कार्यकारी निर्देशक ढकालले अहं नेतृत्व निर्वाह गरेको जनाइएको छ। सोसाइटीले विपद र यसपछि अवलम्बन गरेको पुननिर्माण नीतिलाई अहिले रेडक्रसको अन्तराष्ट्रिय महासंघ (आइएफआरसी)ले अनुकरण गरी विभिन्न देशमा अवलम्बन गरेको बताइएको छ। यसैगरी डा राजभण्डारीले विशेष गरी रक्तसेवालाई अझ प्रभावकारी बनाएका थिए। तदर्थ समितिको गत मङ्सिर २२ गतेको निर्णयले उनीहरुलाई अवकाश दिइएको हो। उच्च नेतृत्वलाई अवकाश दिएपछि सोसाइटीका सम्पूर्ण कर्मचारीले सो निर्णय फिर्ता लिन माग गर्दै हस्ताक्षर अभियान समेत गरेका थिए। साथै संघको ब्यानरमा एक हप्तादेखि उनीहरु आन्दोलनमा उत्रेका हुन्। तदर्थ समितिले ती पदमा विज्ञापन गर्न लागेको जनाइएको छ।

उच्च अदालत पाटनको आदेशअनुसार यही पुस ३ गतेदेखि तदर्थ समिति नै अवैध भएको कर्मचारीको भनाइ छ। सरकारले २०७७ साउन १२ गते रेडक्रसको तत्कालीन कार्य समिति भंग गरी नेत्र तिमल्सिनाको अध्यक्षतामा तीन महिनामा अधिवेशन गर्ने गरी नयाँ कार्यसमिति गठन गरेको थियो। कोभिडका कारण तीन महिनामा अधिवेशन गर्न सकिएन भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर एक वर्ष म्याद थप भएको थियो। म्याद थप भएको एक वर्षमा पनि कोरोना महामारीले निषेधाज्ञा जारी भएको समय उच्च अदालतले थप गरेकामा त्यो पनि पुस ३ गते सकिएको कर्मचारी संघका अध्यक्ष विष्णु तिमल्सिनाले बताए। संघको नेतृत्वमा कर्मचारी संरचनाको सम्मान गर, भूतप्रभावी निर्णय खारेज गर, विधि पद्धति नभत्काऊ, कर्मचारीसम्बन्धी निर्णयमा सहभागी बनाऊ, कर्मचारी नियमावलीको सम्मान गर, कार्यादेश पालना गर, 'चेन अफ कमाण्ड' कायम गराऊ, उपदानका विषयमा कुरा सुनलगायत 'प्ले कार्ड' राखेर तालाबन्दीसहित धर्नामा बसेका छन्।


## Invitation for Electronic Bid

### Chakraghatta Rural Municipality
### Office of the Rural Municipal Executive

**Chakraghatta, Sarlahi**
**Province No.: 2**

**First Date of Publication: 2078-09-07**

1. Chakraghatta Rural Municipality invites electronic bid from Nepalese eligible bidders for the roads listed below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be downloaded from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders can submit their bid electronically only upon the payment of bid document fee of ***NRs. 3000.00*** before ***4:00 PM on 2078-10-05*** in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidders can submit their bid by electronic means only.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank, Chakraghatta Branch Sarlahi
   Name of Office: Chakraghatta Gaunpalika
   Office Account No.: **0422050028813002** (Rajashva Khata)
4. Pre-bid meeting shall be held at Chakraghatta Rural Municipality at ***1 PM*** on ***2078-09-26.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12 PM*** on ***2078-10-06***.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1 PM*** on ***2078-10-06*** at the office. Bids must be valid for a period of ***90 days after bid opening*** and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***NRs.400,000.00*** for each bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Name of Work | Contract ID No. | Estimated Amount (With VAT & Contingencies) | Remarks |
|---|---|---|---|---|
| 1 | Construction of RCC Framed Building at Janta Ma. Vi. Belhi, Chakraghatta-2 | CRM/Works/ NCB/78-79/6 | 1,69,99,733.91 | |


# न्यूनस्तरका खाद्य सामग्री बिक्री गर्नेविरुद्ध मुद्दा



**काठमाडौं/मस**– खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले चालू आवको प्रथम त्रैमासिक अवधिमा न्यूनस्तर तथा दूषित उत्पादनका साथै बिक्रीवितरण गरेको कसूरमा २७ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरेको छ।

विभागले नियमानुसार दायर गरेका मुद्दामध्ये दूध तथा दुग्ध पदार्थका नौ वटा, मसला पदार्थका पाँच, खाद्यान्न एवं दलहन तथा सोबाट बनेको पदार्थ पाँच, प्रशोधित पिउने पानीका तीन, चियाका दुई, सोयाससको एक, तेलको एक र दानाको एक छन्।

विभागका प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार मुद्दामध्ये दूषितसम्बन्धी ११, न्यून गुणस्तरका नौ, खाद्य ऐन नियम निर्देशिका उलंघनसम्बन्धी एक, लेवल लगायतका विवरण नमिलेका छवटा मुद्दा दर्ता भएका छन्।

खाद्य ऐन, २०२३ बमोजिम दूषित तथा न्यून गुणस्तरका मुद्दा सम्बन्धित जिल्ला अदालतमा र अन्य मुद्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दायर हुने व्यवस्था छ।

यस प्रथम त्रैमासिक अवधिमा विभागले उत्पादन दर्ता १९ र नवीकरण ६७ वटा आहारपूरक खाद्यपदार्थ नियमन गरेको जनाएको छ।

त्यसैगरी १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयमा १६ हजार ३१० नमूना संकलन गरी जाँच विश्लेषणका साथै नियमन गरेको जनाइएको छ।

# ट्याक्टर दुर्घटनामा चालकको मृत्यु



**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ६ पुस

लमजुङको मर्स्याङ्दी गाउँपालिका-२ घनपोखरामा ट्याक्टर दुर्घटना भएको छ। दुर्घटनामा चालकको मृत्यु भएको छ। घनपोखराको घिम्राङबाट गएराति खुदीतर्फ आउँदै गरेको ग १ त ६११४ नं को ट्याक्टर घिम्राङ गाउँमुनी सडकबाट खोलामा खस्दा ट्याक्टर चालक सोही पालिका-९ सिम्पानीका २४ वर्षीय सन्देश विकको मृत्यु भएको प्रहरीले जनाएको छ।

सोमबार रातिको समयमा ट्याक्टर चलाउदा सडकबाट करिब २०० मिटर तल खस्दा चालक विकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश रेग्मीले बताए।


## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd.
A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोटः
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौ

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# दक्षिणपन्थी डर

नेतृत्व परिवर्तनको क्रममा रहेका राजनीतिक दलहरूले आफूलाई अग्रगामी र जनताको पक्षमा रहेको दावी गरिरहेका छन् । प्रमुख विपक्षी दल नेकपा एमालेले आगामी चुनावबाट पहिलो शक्ति बनेर आउन आफू योग्य शक्ति भएको दावी गरेको छ । चितवनमा १०औं महाधिवेशन सकेकेको एमालेले मुलुकमा दक्षिणपन्थी सल्बलाहट रहेपनि सशक्त रूपमा प्रस्तुत हुने दस्तावेज तयार पारेको छ । त्यसअघि नेकपा मालेको महाधिवेशन पनि चितवनमै भएको थियो । मालेले पनि आफूलाई अग्रगामी शक्ति भएको बताउने गरेको छ । माले, एमाले पछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले महाधिवेशन गऱ्यो । महाधिवेशनबाट नेतृत्व परिवर्तन पनि गरेको छ । तर राप्रपाले भने राजतन्त्र पुनर्स्थापना गर्ने उद्घोषबाट बिचलित नभएको प्रष्ट बताएको छ ।

राप्रपाका नवनिर्वाचित अध्यक्ष राजेन्द्र लिङ्देनले सत्तारूढ दल नेपाली काँग्रेसको महाधिवेशन उद्घाटन समारोहमा नेताहरूको विश्वासनीयता गुमेको बताएका थिए । उनको अभिव्यक्तिप्रति नेताहरूले चर्को आपत्ति जनाएका थिए । एकअर्का विरूद्ध लडिरहेको दलका प्रमुखहरूले लिङ्देनको अभिव्यक्तिप्रति आपत्ति जनाएका थिए । कतिसम्म भने नेकपा एमाले र नेकपा एकीकृत समाजवादीका अध्यक्षहरूको समेत एउटै बोली थियो । एमाले अध्यक्ष केपी शर्मा ओली र समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रतिगमन स्वीकार्य नहुने बताए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि ओली र नेपालकै जस्तो अभिव्यक्ति दिएका थिए । त्यसअघि नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले पूर्व राजालाई चुनावको चुनौती दिएका थिए । तर लोकतन्त्र विरूद्ध नलाग्न प्रधानमन्त्री देउवाको चुनौती थियो ।

अर्थात् गएको २०७४ को निर्वाचनमा प्रतिनिधिसभामा एक सिट मात्रै जितेको राप्रपा प्रमुख राजनीतिक शक्तिहरूका निम्ति प्रमुख चुनौती देखिएको छ । यो चुनौती अंक गणितीय रूपमा ठूलो होइन । किनभने राप्रपा मुलुकको कहिले पनि प्रमुख शक्ति बनेको छैन । बरू पूर्व राजाहरूको विश्वास पाएको दल थियो भने प्रमुख दलहरू बीचको तिक्तता र अकर्मण्यताका कारण सत्तामा जाने अवसर पाएको शक्ति हो, राप्रपा । तर दलहरूको अभिव्यक्ति सुन्दा गणतन्त्र जोखिममा छ । तर दलहरूले बिर्सेका छन्, दलहरूकै कारण प्राप्त व्यवस्था जोखिममा पर्ने हुन् । गणतन्त्र कमजोर हुन्छ भने दलहरूकै नेतृत्वका कारणले हुने हो । त्यसैले सार्वजनिक अभिव्यक्ति मार्फत् डराउने होइन, संविधान कार्यान्वयनमा प्रतिबद्ध हुने हो ।

# कृषि क्षेत्रप्रति उदासिन व्यवस्था

**केही स्थानीय तहहरुले मात्रै आफ्नो विवेकअनुसार भू-उपयोगको अभ्यास गर्न खोजेको देखिन्छ तर, समग्रमा अझै पनि आधुनिक भू-उपयोगको प्रणालीमा जाने अभ्यास राज्यले गर्न खोजेको छैन् ।**

*अग्रलेख*



● तोयानारायण पौडेल



युवा शक्ति कि त वैदेशिक रोजगारीमा जाने कि त रोजगारीको खोजी गर्दै शहर बजारमा बस्ने । केही छोराछोरी पढाउने बहानामा त केही सुबिधा उपभोग गर्ने बहानामा गाउँ छाड्ने । आज गाउँका आफ्नै खेतबारीमा काम गर्ने मान्छे छैनन् । पहाडका साथै तराई मधेशमा अहिले ठूलो मात्रामा कृषियोग्य जमिन बाँझो हुँदै गएको छ । पछिल्लो अवस्थामा पहाडी जिल्लामा २५ देखि ४० प्रतिशत र तराई मधेशमा १० देखि ३० प्रतिशत कृषियोग्य जमिन बाँझो हुन पुगेको देखिन्छ ।

